***ISSN: 2594-3154 (Print)***

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

# *लाइट बाल्ने केटो* र *शुटिङ रिपोर्ट* कथामा लोकप्रिय संस्कृति

डा. अशोक थापा उपप्राध्यापक, नेपाली केन्द्रीय विभाग
Email: kazithapa@gmail.com
Orchid: https://orcid.org/0009-0004-5743-742X

**लेखसार**

प्रस्तुत लेखमा दुर्गा कार्कीको *लाइट बाल्ने केटो* र कुमार नगरकोटीको *शुटिङ रिपोर्ट शीर्षकका* कथामा लोकप्रियसंस्कृतिको प्रयोग र प्रभावको विवेचना रहेको छ । लोकप्रिय संस्कृति भनेको धेरै जनसमूहद्वारा रुचाइएको र ग्रहण गरिने चिन्तन र अभ्यासको समुच्चय हो जुन पश्चिमा जमिनबाट नेपाली साहित्यमा प्रवेश गरेको हो । उद्योगधन्दा, बजारीकरण र सूचनाप्रविधिको बृद्धिसँगै यसको प्रभाव झन् बढ्दै गएको छ । यस सन्दर्भमा एन्टोनियो ग्राम्सी, मेनजर पाण्डे, बार्कर, लाबेन्थलजस्ता विचारकहरूको वैचारिक धारणामा आधारित भएर विवेच्य कथाको पाठ (कन्टेन्ट) को विश्लेषण भएको छ । *लाइट बाल्ने केटो* कथामा युवाजीवनका यौनाकाङ्क्षा, प्रणय, मोबाइल र सामाजिक सञ्जालको अधिक प्रयोग, भ्यालेन्टाइन डेजस्ता पश्चिमेली संस्कृति तथा मनोरञ्जनका पाटाहरू प्रयोग भएको देखिन्छ । *शुटिङ रिपोर्ट*मा चलचित्र व्यवसाय, रङ्गीन दुनियाँ, खुला समाजको बहस र प्रविधिले निर्वाह गरेको भूमिकाबाट लोकप्रिय संस्कृतिका आयामलाई नियाल्ने काम भएको छ । दुवै कथामा चित्रात्मक शैली, अङ्ग्रेजी भाषाको अधिक प्रयोग र स्वतन्त्रताको प्रश्न प्रस्तुत भएको छ । यी दुई कथाले नेपालीसमाजमा केकसरी लोकप्रियसंस्कृतिको आरम्भ र भुमण्डलीकृत समयको भूमिका अनि वर्तमान भोगवादी दृष्टिको चित्रण भएको विषयको उठान गरिएको छ । कार्की र नगरकोटीका कथामा लोकप्रिय संस्कृतिको प्रभाव देखाउने महत्त्वपूर्ण कृति हुन् जसले नेपाली साहित्यमा समसामयिक बहस सिर्जना गरेको देखिन्छ । लोकप्रियसंस्कृतिको अध्ययन नेपाली साहित्यमा नितान्त नवीन विषयक्षेत्र भएकाले यस लेखले आगामी दिनमा उल्लेख्य सन्दर्भसामग्रीको रूपमा कार्य गर्नेछ ।

*शब्दकुञ्जीः* अन्तर्सांस्कृतिकता, प्रविधि, मनोरञ्जन, युवासंस्कृति, यौनिकता, व्यावसायीकरण

Article's information: Manuscript received: 2024/12/07, Date of review: 2024/02/15, Date of manuscript acceptance: 2025/03/06 Publisher: Sahayaatra, Nepal, Bhojpur, DOI: https://doi.org/10.3126/sahayaatra.v8i1.80929
Homepage: https://www.nepjol.info/index.php/sahayaatra. Copyright (c) 2025 Sahayaatra Journal.
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

दुर्गा कार्की र कुमार नगरकोटी समसामयिक नेपाली कथाकार हुन् । कार्की र नगरकोटीद्वारा लिखित लाइट *बाल्ने केटो* र *शुटिङ रिपोर्ट* कथामा लोकप्रिय संस्कृतिको प्रयोग भएको छ । लोकप्रिय संस्कृति अङ्ग्रेजी पपुलर कल्चरको नेपाली रूपान्तरण हो । यसको सोझो अर्थ धेरै मान्छेले मन पराएको संस्कृति भन्ने हुन्छ । अधिक पाठकलाई समेट्नु लोकप्रिय साहित्यको उद्देश्य हो । यस्तो साहित्य प्रायः मनोरञ्जनको लागि लेखिएको हुन्छ र औसत व्यक्तिको लागि पहुँचयोग्य हुन्छ । लोकप्रिय साहित्यअन्तर्गत पुस्तक, पत्रिका र विद्युतीय (डिजिटल) पाठ पर्दछन् । साहित्यमा लोकप्रिय संस्कृतिले साहित्यको विषयवस्तुको घनत्वलाई सङ्केत गर्छ । खासगरी जासुसी, प्रेमपरक, द्वन्द्वात्मक विषयवस्तु समेटेर लेखिएका साहित्य बढी लोकप्रिय हुने र पाठकलाई आकर्षण गर्ने गरेको पाइन्छ । यस्ता साहित्यमा सञ्चारमाध्यमको बढ्दो प्रयोग गरिएको पाइन्छ । यस्ता साहित्यले परम्परागत विचारधाराप्रति चुनौती खडा गर्नुका साथै समाजको जीवनशैली र मनोविज्ञानलाई प्रस्तुत गरेको हुन्छ । लोकप्रिय साहित्यमा समकालीन मुद्दालाई स्थान दिइएको हुन्छ ।

***ISSN: 2594-3154 (Print)***

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

दुर्गा कार्की (लमजुङ) पेसाले कानुन व्यवसायी भए पनि उनको रुचि साहित्यलेखनमा छ । उनको *कुमारी प्रश्नहरू* (सन् २०२०) कथासङ्ग्रह प्रकाशित छ । पत्रपत्रिकामा नियमित स्तम्भ लेख्ने कार्कीको नेपाली कथालेखनमा परिचय बन्दैगएको छ । तेह (१३) वटा कथा सँगालिएको प्रस्तुत सङ्ग्रहमा लाइट बाल्ने केटो पहिलो कथा हो । यो कथामा एउटा डकैतीको कर्मले पनि आममानसमा कसरी सकारात्मक छाप छोड्न सक्छ भन्ने परम्पराभन्दा भिन्न विरोधाभाषी चिन्तन प्रस्तुत गरिएको छ । नैतिकताका कसीमा कतिपय कर्महरू अनैतिक सावित हुनसक्छन् भन्नेजस्ता सन्देश यस कथामा प्रस्तुत भएको छ । भ्यालेन्टाइ डे, मोबाइल र सामाजिकको सञ्जालको अधिक प्रयोग गरिएको यस कथामा मनोरञ्जनलाई प्रमुख ध्येय ठानिएको छ । अधिक अङ्ग्रेजी आगन्तुक शब्दको प्रयोग गरिएको यस कथामा रोचक ढङ्गले प्रेमजन्य विषयवस्तुको उठान गरिएको छ । कथामा तन्नेरीका बीच हुने प्रेम, यौन, द्वन्द्व आदिलाई समेटिएको छ । काठमाडौँको परिवेशलाई समेटिएको यो कथा मूलतः प्रणयमा आधारित छ । कथालाई लोकप्रिय बनाउनका लागि किशोरकेन्द्री विचार र विषय समेटिएको छ । प्रविधिको ज्यादा प्रयोग, यौन र अश्लीलताका कतिपय पक्षलाई पनि यसमा समेटिएको छ । यस कथामा आदर्शवादी प्राचीन विचारको विघटन गरिएको छ ।

कुमार नगरकोटी (२०३१) का *मोक्षान्तः काठमाडु फिभर* (ई. २०११), *फोसिल* (२०१३), *अक्षरगञ्ज* (२०१४), *मिस्टिका* (२०१५), *घाटमान्डु* (२०१६), *दोचा* (२०१७), ज्ञ (२०१८), *कल्प-ग्रन्थ* (२०२१) जस्ता कृतिहरू प्रकाशित छन् । उनको कथा *सुटीङ रिपोर्ट (हिमाल खबर पात्रिका*, २०७६) मा समाजमा विद्यमान विधि र संस्थागत संरचनामाथि प्रश्न खडा गरिएको छ । युवावर्गले ज्यादा रुचाउने डान्स बारलाई कथाको परिवेश बनाइएको छ । चलचित्रको कलाकारलाई अभिनयका लागि अनुरोध गरिएको छ । बारको दर्शकदीर्घामा एक्लै बसेर अभिनय गरिरहेको कलाकारले जब चलचित्रको उत्तरार्द्ध (क्लाइमेक्स) मा निर्देशकको निर्देशनलाई बेवास्ता गर्दै आफू सर्वाङ्ग हुन खोजेर हाम्रो सामाजिक मूल्यमान्यतालाई चुनौती दिन खोजेको छ र हाम्रा स्थापित विधिमा बाँधिएका मूल्यमान्तालाई ढोंङ्को संज्ञा दिन खोजिएको छ । मनोरञ्जन, अधिक उत्तरआधुनिक परिवेश, अङ्ग्रेजी शब्दको बहुलता अनि सूचनाप्रविधिको अधिक प्रयोगले कथालाई लोकप्रिय संस्कृतियुक्त बनाएको छ । धुम्रपान र मिदिराको प्रसङ्गले आजको विकृत संस्कृतिको दृष्टान्तको रूपमा पनि यस कथालाई लिन सकिन्छ । यसर्थ कथामा मनोरञ्जन, अश्लीलता, मिश्रित भाषा, परम्पराप्रति विद्रोह आदि लोकप्रिय संस्कृतका अधिक चर प्रयोग गरिएकाले तत् दृष्टिकोणबाट यस कथाको अध्ययन गर्नु औचित्यपूर्ण रहेको छ ।

उपर्उल्लिखित दुई कथा (*लाइट बाल्ने केटो* र *शुटिङ रिपोर्ट*) मध्ये लाइट बाल्ने केटोको बारेमा छिटपुट चर्चा भए पनि *शुटिङ रिपोर्ट*का बारेमा हालसम्म कुनै पनि विमर्श भएको देखिँदैन । *लाइट बाल्ने केटो* कथालाई पनि लोकप्रिय संस्कृतिका सापेक्षतामा नभएर कथासङ्ग्रह विमोचनका समयमा *कुमारी प्रश्नहरू* सँगालोभित्रका १३ वटा कथाको चर्चा गर्ने सन्दर्भमा सामन्य विमर्श मात्र गरिएको छ । विवेच्य कथाहरूका बारेमा पूर्ववर्ती समयमा कुनै अध्ययन भएको देखिँदैन । त्यसर्थ *लाइट बाल्ने केटो* र *शुटिङ रिपोर्ट* कथामा लोकप्रिय संस्कृतिको प्रयोग केकसरी भएको छ भन्ने बौद्धिक जिज्ञासाको समाधानका लागि लागि यस अध्ययन केन्द्रित छ ।

**अध्ययनविधि**

प्रस्तुत अनुसन्धानमूलक लेखमा पुस्तकालयकार्यबाट सामग्री सङ्कलन गरिएको छ । चयनित सामग्रीमध्ये कृतिको पाठ प्राथमिक स्रोतका रूपमा रहेका छन् भने लोकप्रिय संस्कृतिसम्बन्धी सैद्धान्तिक विषयवस्तु द्वितीय स्रोतका रूपमा रहेका छन् । यस लेखमा पूर्वकार्यको अवलोकनबाट सामग्रीसङ्कलन गरिएको छ । गुणात्मक पद्धतिबाट सङ्कलित सामग्रीको विश्लेषण गरिएको छ । पाठविश्लेषण पद्धतिबाट विषयवस्तुको व्याख्या र विश्लेषणमार्फत निष्कर्षमा पुगिएको छ । यस अनुसन्धानमा विषयवस्तुको विश्लेषण गर्नुअघि सङ्कलित सामग्रीको वर्गीकरण गरिएको छ । लोकप्रिय संस्कृतिको अवधारणालाई यस अध्ययनको सैद्धान्तिक आधारका रूपमा ग्रहण गरिएको छ । दुवै प्रकारका सामग्रीको सुसङ्गत प्रयोग गर्दै समसामयिक नेपाली कथालेखनका उदिएमान अनुहार दुर्गा कार्कीको *लाइट बाल्ने केटो* र कुमार नगकोटीको *शुटिङ*

*ISSN: 2594-3154 (Print)*

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

*रिपोर्ट* कथामा अभिव्यक्त लोकप्रिय संस्कृतिसम्बन्धी तथ्यहरूको विश्लेषण गरिएको छ । आगमन विधिको प्रयोग गरी विवेच्य नेपाली कथामा अन्तर्भूत लोकप्रिय संस्कृतिको निरूपण गर्दै निष्कर्षमा पुगिएको छ ।

**सैद्धान्तिक पर्याधार**

वास्तविक जनजीवनलाई प्रभावकारी रूपमा प्रस्तुत गर्ने कलासाहित्यलाई लोकप्रिय साहित्य भनिन्छ । पुँजीवादी समाजले आजका व्यक्तिलाई अमानवीय बनाउँदै उसका चेतनालाई खण्डित बनाउँछ भन्ने तर्क राख्दै पाण्डेले लोकप्रिय साहित्यले बजारमा लोकप्रियताको हल्ला फैलाउने भएकाले यसलाई भीडको साहित्य भनी व्याख्या गरेका छन् (पाण्डे, २०२३, पृ. ३३१) । उत्तरआधुनिक समाजमा लोकप्रिय साहित्य बढी फस्टाउँछ किनभने यसले जनमानसमा व्यापक प्रभाव छोडेको हुन्छ । लोकप्रिय साहित्य बजारकेन्द्रित साहित्य हो । यसको मूल्य पनि बजारले निर्धारण गर्दछ भन्दै अर्का चिन्तक लाबेन्थलले लोकप्रिय साहित्यलाई नकारात्मक दृष्टिकोणले हेरेका छन् । यसले पाठकको कल्पनाशक्ति नियन्त्रणमा राखी, कलात्मक अनुभव क्षमतालाई क्षति पुऱ्याउँछ (लावन्थल, १८८७, पृ.११) । यसै सन्दर्भमा पाण्डे र लावन्थलले लोकप्रियस संस्कृतियुक्त लेखनमा रहस्यमयी, जासुसी, प्रणयपरक विविध किसिमका दृष्टान्त प्रस्तुत गरेका छन् । अर्का मार्क्सवादी चिन्तक ग्राम्सीले आजको समयमा लोकप्रिय साहित्यको रुचाइनुको मुल कारक भावनात्मक ललितता र जीवनको वस्तुतथ्यता रहेको कुरा उल्लेख गरेका छन् । उनका अनुसार लोकप्रिय साहित्यले पाठकमा अन्तर्विरोधी चेतना जन्माउने र भ्रमित बनाउने सम्भावना पनि रहन्छ (ग्राम्सी, १९९८, पृ. १३३) । लोकप्रिय साहित्यको नजिकको साइनो पुँजीवादसँग रहेको हुन्छ । औद्योगिकीकरण, सहरीकरण र विश्वव्यापीकरणको क्रममा जब प्रतिस्पर्धा चुलिन थाल्छ लोकप्रिय साहित्यको बिस्तार हुनथाल्छ । साहित्यको क्षेत्रमा विशेष गरी आख्यान विधामा लोकप्रिय साहित्यको अधिक प्रयोग भएको देखिन्छ ।

अर्का चिन्तक बार्करले लोकप्रिय संस्कृतिलाई व्यवसायिक उत्पादनको रूपमा व्याख्या गरेका छन् । समकालीन लोकप्रिय संस्कृति मूलतः व्यवसायिक हितसहितको संस्कृति हो जुन व्यावसायिक क्षेत्रबाट विकास भएको हो (बार्कर, सन् २००४, पृ. १४८) । प्रकाश कोविदको उपन्यासमा लोकप्रियस संस्कृतिका विषयमा अनुसन्धान गरेका पन्थका अनुसार लोकप्रिय साहित्य सरल र आमजनताले सहजै बुझ्न सक्ने खालको हुन्छ । यो सर्वसाधरणको साहित्य हो (पन्थ, ई. २०१२, पृ. २१) । लोकप्रिय संस्कृति उच्च नभई तल्लो दर्जाको संस्कृति हो । यसमा प्रयोग भएको भाषाशैली र विषयवस्तु कमजोर हुन्छन् । लोकप्रिय संस्कृति उच्च होइन, साधारण वर्गद्वारा उत्पादित अभ्यासको परिणाम हो भन्ने तर्क बार्करले माथि उल्लिखित पुस्तकमा थप परिभाषा गरेका छन् (बार्कर, ऐजन) । विष्टकाअनुसार लोकप्रिय साहित्यमा मनोरञ्जन, वासनात्मक विषय, युवालक्षित लेखन र मासमेडियाकको अधिक प्रयोग मात्र गर्दैन यसमा परम्पराप्रति फरक दृष्टिकोण पनि राखिएको हुन्छ (विष्ट, २०८१, पृ.४) । लोकप्रिय साहित्य परम्पराप्रति आलोचनात्मक दृष्टिकोण राख्दै नयाँ विचार र प्रवृत्तिहरू प्रस्तुत गर्ने एउटा गतिशील माध्यम हो ।

स्टोरी (२०१२) का अनुसार लोकप्रिय संस्कृति औद्योगिक क्रान्तिपछिको उत्पादन हो जुन सूचना प्रविधि र सञ्चारमाध्यमको विकाससँगै अघि बढेको हुन्छ । उनले यसलाई व्यावसायिक दृष्टिकोणबाट अर्थोपार्जनको माध्यमका रूपमा हेरेका छन् । स्टोरीले लोकप्रिय संस्कृतिको विकास मानव इतिहासको पछिल्लो चरणमा मात्र सम्भव भएको बताएका छन् (स्टोरी, सन् २०१२, पृ. १२) । लोकप्रिय संस्कृतिको आधार बजार र व्यापारिक रणनीतिमा टेकेर बनेको छ जसले यसलाई एक किसिमको उत्पादनशील क्षेत्रको रूपमा रूपान्तरण गरेको छ ।

अतः लोकप्रिय साहित्य भन्नाले खासमा मासमेडियालाई सत्य ठान्दै व्यापक दर्शकको मनोरञ्जनका लागि सिर्जना गरिएका साहित्यिक कृतिलाई बुझाउँछ । यो प्रायः पहुँचयोग्य तर मिश्रित भाषा, आकर्षक कथानक तर प्रायः अश्लील, उन्नत प्रविधिको अधिक प्रयोग भएको रहस्य, रोमान्स, साहसिक कार्य वा काल्पनिक तत्त्व समावेश भएको साहित्य हो । लोकप्रिय आख्यानमा प्रायः नयाँ संरचना, नायक-नायिकाको केन्द्रीय द्वन्द्व र भावनात्मक प्रतिक्रियाहरू जगाउन र पलायनवाद बढवा दिइएको हुन् । यसमा समकालीन सामाजिक मुद्दाप्रति चिन्ता र आक्रोश व्यक्ति गरिएको हुन्छ ।

नेपाली आख्यानमा प्रकाश कोविद, नारायण वाग्ले, सुविन भट्टराई, अमर न्यौपाने, दुर्गा कार्की, कुमार नगरकोटी आदिका आख्यानमा लोकप्रिय संस्कृतिको प्रभाव र प्रयोग देखिन्छ ।

प्रस्तुत लेखमा उपर्उल्लिखित सैद्धान्तिक धारणाका सापेक्षतामा कथाविश्लेषणका लागि मनोरञ्जन, नवप्रविधिको प्रयोग, अङ्ग्रेजीकरण, परसंस्कृतीकरण, परम्पराप्रति विद्रोहजस्ता पाँच वटा सैद्धान्तिक ढाँचा तयार गरिएका छन् । यिनै चिन्तनका आधारमा दुर्गा कार्कीको लाइट बाल्ने केटो र कुमार नगरकोटीको शुटिङ रिपोर्ट कथालाई विवेचना गरिएको छ ।

**लोकप्रिय संस्कृतिको विवेचना**

लोकप्रिय संस्कृति पछिल्लो समय विकसित हुँदै आएको सामाजिक सोचको एक महत्त्वपूर्ण धार हो जसले समाजको ज्ञान, विज्ञान, जीवनशैली, कला र साहित्यमा गहिरो प्रभाव पारेको छ । यद्यपि पाश्चात्य साहित्यमा लोकप्रिय साहित्यको प्रयोग र प्रभाव केही दशकअघिदेखि नै देखिन थालिसकेको थियो नेपाली साहित्यमा भने यसले प्रकाश कोविदका आख्यानमार्फत प्रवेश पाएको देखिन्छ । त्यसपश्चात् नारायण वाग्लेको *पल्पसा क्याफे*, अमर न्यौपानेको *गुलाबी उमेर*, कुमार नगरकोटीका विविध आख्यान तथा दुर्गा कार्कीका कथाहरूमा यस प्रवृत्तिको स्पष्ट झलक भेटिन्छ । यसै सन्दर्भमा, *लाइट बाल्ने केटो* र *सुटिङ रिपोर्ट* कथाहरूमा मनोरञ्जनात्मक पाटो, नवीन प्रविधिको प्रयोग, भाषामा अङ्ग्रेजीको प्रभाव, तथा परसंस्कृतिको प्रभाव-जस्ता विविध सूचकहरूको आधारमा लोकप्रिय संस्कृतिको प्रयोगलाई यसप्रकार विश्लेषण गरिएको छ ।

**मनोरञ्जन**

दुर्गा कार्कीको *लाइट बाल्ने केटो* कथाको केन्द्रीय उद्देश्य मनोरञ्जन दिनु रहेको छ । लोकप्रिय संस्कृतिको प्रभावमा लेखिएको यस कथामा मनोरञ्जन, युवा-केन्द्रित विषयवस्तु, यौनका सवाल र सामाजिक अन्तरक्रियाका पक्षहरू गहिरो रूपमा प्रस्तुत भएका छन् । यसमा युवाहरूको परस्पर अन्तरक्रिया, आकाङ्क्षा र व्यवहारको जीवन्त प्रस्तुति छ । पात्रबीचको संवाद, चुरोटको प्रयोग, गाउँबाट सहर पसेर नागरीय जीवन जिउन अभ्यस्त हुँदै गरेका पात्रको रमाइला गतिविधिको चित्रण गरिएको छ ।

स्थानीय पसलमा केटाहरूको घुमघाम, हँसीमजाक र युवतीप्रति गरिने सहरी जनजीवनको दैनन्दिन घटना र सामाजिक व्यवहार विशुद्ध मनोरञ्जनका लागि गरिएका गतिविधिलाई कथामा उल्लेख गरिएको छ । युवापुस्ताले प्रयोग गर्ने मनोरञ्जनका साधन-फिल्म, सामाजिक सञ्जाल, मोबाइलजस्ता माध्यमले कथालाई थप लोकप्रिय बनाएको छ । कथाको आरम्भमा कथावाचक युवतीले सुरुमा टर्च बालेर जिस्काउने आवारा केटाको व्यवहारलाई घृणा गरेकी छ र पछि मनोवैज्ञानिक रूपमा उसैप्रति आकर्षित र उत्तेजित हुने मिश्रित भावना सम्प्रेषण गरेकी छ ।

> *"चिन्नु न जान्नुका केटीलाई लाइट देखाउन त्यसलाई के खाँचो ? हाम्फाले हाम्फाल्थेँ त पानीमा ! अरू केटाहरू कस्तरी हाँसे । तुरुन्तै अर्को मनले प्रतिवाद गर्‍यो तर त्यसले लाइट नदेखाएर म पानीमा हम्फालेको भए पनि त तिनीहरू हाँस्ने थिए नि! (पृ. ३) ।*

कथामा अर्को पात्र हावा अङ्कलको भूमिका मनोरञ्जनात्मक छ । भारतीय सेनाबाट अवकाश अङ्कल कथामा युवाहरूसँग खुलेर बोल्ने, रमाइलो गर्ने, राम्री किशोरी देख्दा बुहारी भनेर जिस्काउने, युवाहरूलाई आफ्नो पसलमा आश्रय दिने खालको उदार र रमाइलो चरित्रका रूपमा देखिएका छन् । उनको हँसीमजाक, नवीन सोच र युवापुस्तासँगको सम्बन्ध कारण पुरानो पुस्ता र नयाँ पुस्ताबीचको सेतुको रूपमा उनलाई चित्रण गरिएको छ ।

कुमार नगरकोटीको *शुटिङ रिपोर्ट* कथाको आरम्भ केबल मनोरञ्जनका लागि खोलिएको डान्सबारको ढोकाबाट सुरु हुन्छ । यस कथामा नेपाली समाजमा बढ्दो चलचित्र संस्कृति, ग्ल्यामर संसारको प्रतिबिम्ब देखाएर मनोरञ्जनलाई मुख्य लक्ष्य बनाइएको छ । कथाको परिवेश, संवाद र सुटिङ स्थलको चित्रणले एउटा नेपाली चलचित्र प्रविधिको यथार्थ

*ISSN: 2594-3154 (Print)*

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

दृश्य देखिन्छ । निर्देशक, क्यामेरा, लाइट, साउन्ड, टेक्निकल टीम, क्रु-मेम्बर, पेग र पात्रउपर निर्देशन यी अधिक कुराहरू मनोरञ्जन उद्योगको दुनियाँका हुन् भन्ने बुझिन्छ ।

पात्रलाई आफ्ना पुराना विचार र पहिरन मिल्काएर नग्न हुन निर्देशन दिइनु, नग्नता केवल शारीरिक होइन, मानसिक र सांस्कृतिक पनि रहेको भन्नु, नेपाली समाजमा भित्रिँदै गएको नग्नता र व्यक्तिगत स्वतन्त्राको प्रश्नलाई यस कथाले उठान गरे पनि यसको मुख्य ध्येय मनोरञ्जन देखिन्छ । आजको सेलेब्रिटी संस्कृतिप्रति व्यङ्ग्य गर्दै पात्र र कथाकारको नाम एउटै (कुमार नगरकोटी) हुनु, कलाकारको  व्यक्तिगत जीवन र उसको अभिनय भावबीचको द्वन्द्वलाई सँगसँगै प्रस्तुत गर्नु मनोरञ्जनको मनसायले गरिएको देखिन्छ । कार्कीको *लाइट बाल्ने केटो* र *शुटिङ रिपोर्ट* दुवै कथामा मनोरञ्जनलाई मूल विषय बनाइएको छ ।

**नवप्रविधिको प्रयोग**

नवप्रविधिको प्रयोगका सन्दर्भमा *लाइट बाल्ले केटो* कथा अग्रस्थानमा छ । कथामा परम्परागत उपकरण टर्च लाइटबाहेक पनि मोबाइल फोन, मेसेज पठाउने, मोबाइल फोनको भाइब्रेसनले पनि प्रविधिलाई निकटबाट प्रयोग भएको बुझाउँछ । *“कहिलेकाहीं तपाईं खुब असल हुनुहुन्छ भनेर मोबाइलमा मेसेज पठाउँथ्यो।”* बत्ती गएको समयमा मैनबत्तीको प्रयोग केही पुराना प्रविधि (लाइट र मोमबत्ती) र अत्याधुनिक प्रविधिको मिश्रण गरिएको छ ।

*शुटिङ रिपोर्ट* कथामा सम्पूर्ण दृश्यसज्जा (सेटअप) मिडिया प्रोडक्सन टेक्नोलोजीमा आधारित छ । अङ्ग्रेजी र चलचित्र सम्बद्ध शब्द लाइट, साउन्ड, क्यामेरा, रोलिङ, एक्सनजस्ता शब्दहरूको प्रयोग भएका छन् जसले आधुनिक फिल्ममेकिङ्गको प्रक्रियालाई कथामा जोडेर जीवन्त लय दिन खोजिएको छ । पात्रको नग्नता, पेग हान्ने शैली र सटका लागि गरिएको पटकपटकको टेक्स र चलचित्र दृश्यात्मकताको खोजले आजको दृश्यात्मक माध्यममा रमाउने पुस्तालाई सङ्केत गर्न खोजिएको छ । मोबाइललाई "साइलेन्ट मोड" मा राख्नु, क्यामेराको फ्रेमिङ, सिनेम्याटोग्राफरको गम्भीर मुद्रा आदि शब्दले कथालाई सञ्चारप्रविधि (टेक्नोमिडिया) ले गहिरो रूपमा प्रभावित पारेको देखाउँछ । दुवै कथामा नवप्रविधिको अधिक प्रयोग गरिएको छ ।

**अङ्ग्रेजीकरण**

लाइट बाल्ने केटो कथामा अधिक अङ्ग्रेजी शब्दको प्रयोग गरिएको छ । कति शब्दका तहमा कतिपय वाक्यका तहमा पनि अङ्ग्रेजी वाक्यहरू कथामा देखिन्छन् । लोकप्रिय संस्कृतिमा अङ्ग्रेजीकरण अधिक देखिन्छ । नेपाली बोलीचालीमा अभ्यस्त भइसकेका कतिपय शब्द स्वाभाविक लागे पनि कतिपय स्थानमा अस्वाभाविक पनि लाग्ने खालका शब्दको प्रयोग देखिन्छ । लाइट, स्टेसनरी, गेट, क्लास, कलेज, ब्याच, भ्यालेन्टाइन डे, पोइट्रीजस्ता अङ्ग्रेजी शब्दको प्रयोग भएको देखिन्छ जुन स्वाभाविक लाग्छन् । सहरिया जीवनशैली झल्काउने आईटी, स्टुडेन्ट भिसा, मर्निङ वाक, ट्युसन, ब्यालेन्स ट्रान्सफर, मोबाइल, म्यासेज, डिम्पल, पोजिसनजस्ता अस्वाभाविक शब्दहरूको प्रयोग पनि भएको छ । कतिपय सन्दर्भमा कथामा ह्वाई निडिङ, थिङ्किङ चिटिङ माइ सन्, होयर ओएर उई ? जस्ता अङ्ग्रेजी वाक्य वा वाक्यांश पनि प्रयोग भएको देखिन्छ । कतिपय अङ्ग्रेजी उच्चारण भएको नेपाली शब्द हावा अङ्कल, हाउ एबाउट इट, झ्याप (Zap) जस्ता अङ्ग्रेजी मिश्रित शब्दको प्रयोग पनि देखिन्छ ।

कथामा प्रयोग भएका अङ्ग्रेजी शब्दहरू नेपाली दैनिक जीवनशैली, विशेष गरी सहरी युवापुस्ताको सामाजिक व्यवहार, शिक्षा र प्रविधिसँग सम्बन्धित देखिन्छन् । यस्ता शब्दहरूले कथा अझ यथार्थपरक, स्थानविशेष (काठमाडौँ) को परिवेशसँग सुहाउँदो बनाउँछन् । कथाको भाव र पात्रको स्वभावमा पनि यी अङ्ग्रेजी शब्दहरूले सहजता थपेका छन् ।

*शुटिङ रिपोर्ट* कथामा फिल्मसँग सम्बद्ध प्राविधिक शब्द लाइट, साउन्ड, क्यामेरा, रोलिङ, एक्सन, कट, सट, फ्रेम, सिनेमाटोग्राफर, असिस्टेन्ट डिरेक्टर, क्रु-मेम्बर । चरित्र वा चारित्रिक व्यक्तित्वसँग सम्बद्ध अङ्ग्रेजी शब्दहरू क्यारेक्टर,

*ISSN: 2594-3154 (Print)*

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

पर्फर्मेन्स, सोलो पर्फर्मेन्स, प्रोफेसनल एक्टर, नन-एक्टर, स्टाइल, आत्मा आदि । व्यक्तिगत भावनासँग सम्बन्धित डिस्टर्ब, डिस्ट्राक्टेड, फोकस्ड, असेम्ड, अफ्रेड, रेडी आदि । दार्शनिक विचारसम्बद्ध अङ्ग्रेजी शब्दहरू नेकेडनेस, सेलिब्रेट, ट्रुथ, निउबर्न, कन्जरवेटिभ, न्यु एरा, भिजन आदि । पेय पदार्थसम्बन्धी पेग, लार्ज पेग, नीट पेग, विदाउट आइस, विदाउट वाटर, ज्ञाम्बे-सट, संवाद र शिष्टाचारका शब्द ओके, चियर्स, आई नो द्याट, यू नो द्याट, टेक इट इजी, टु हेल विथ, आँट इज एन आर्ट । व्यक्तिगत परिचयसँग सम्बद्ध शब्द मिस्टर नगरकोटी, मिस्टर याक्थुम्बा आदि शब्द प्रयोग भएका छन् ।

लोकप्रिय संस्कृति र साहित्यमा यसको प्रयोग उत्तरआधुनिक समयको माग हो । आजको समयको आवाज भएकाले आज संसारभरि अङ्ग्रेजी भाषाको प्रभाव रहनु, युवापुस्ता यस प्रकृतिका आयातित भाषामा अभ्यस्त हुँदै जानु र लोकप्रिय साहित्यको पाठक पनि आजको युवापुस्ता भएकाले भाषाको अङ्ग्रेजीकरणलाई नेपाली कथामा स्वाभाविक मान्न सकिन्छ र लोकप्रिय साहित्यको आधारभूत पक्ष नै अङ्ग्रेजी भाषाको बढ्दो प्रयोग हो । दुवै कथामा अङ्ग्रेजीकरणको अधिक उपस्थिति देखिन्छ ।

**परसंस्कृतीकरण**

*लाइट बाल्ने केटो* कथामा परसंस्कृतिको अन्धानुकरण गरेको देखिन्छ । कथाकी स्त्री पात्रले आरम्भिक दिनमा भ्यालेन्टाइन डेप्रति नकारात्मक धारणा बनाउँदैछ नौटङ्की पर्व भने पनि ‘लाइट बाल्ने केटा’प्रति आकर्षित भएपछि ‘भ्यालेन्टाइन डे’ को प्रतीक्षामा बसेकी बस्छे । आवारा केटाको काल्पनिक प्रेममा उसले भ्यालेन्टाइन संस्कृतिलाई मनैदेखि स्वीकार गरेकी छ । आवारा संस्कृतिलाई अनुकरण गरिएको छ । किशोरवयमै धुम्रपान गर्ने, भौतिक आकर्षणका आधारमा प्रेमपत्र लेख्नेजस्ता आवारा संस्कृतिलाई अनुकरण गरिएको छ । कथामा पश्चिमा संस्कारबाट विकास भएको पपसंस्कृतिलाई मलजल गरिएको छ । विचार, विवेक र शालीनत‌ालाई त्यागेर 'रफ एन्ड टफ' पात्रलाई स्वीकार गर्नु पनि आयातित संस्कारको अन्धानुकरण हो ।

*शुटिङ रिपोर्ट* कथामा विदेशी संस्कृतिको अन्धानुकरण गरिएको छ । कथामा नग्नतालाई उत्सव (सलेब्रेसन) मानिएको छ । कथाको मूल दृश्य एउटा डान्सबारको रहेको छ जुन पाश्चात्य संस्कृतिबाट हाम्रोमा भित्रिएको हो पछिल्लो संस्कार हो । कथामा पात्रले क्रमशः सबै कपडा फुकाल्दै जान्छ र अन्ततः अन्डरवेयरसमेत फालेर नग्न बन्ने उत्कर्ष दृश्यतर्फ अग्रसर हुन्छ । निर्देशकले यो नग्नतालाई पुनर्जन्म वा नवजात शिशुको जन्म भनी परिभाषित गर्दछ । यस्तो चिन्तन पाश्चात्य रङ्गमञ्च वा चलचित्रबाट हाम्रो भित्रिएको विकृत संस्कृति हो । नेपाली संस्कार आदर्शकृत संस्कार हो तर यस्तो नग्नता कुनै कलात्मक सन्देशभन्दा बढी संस्कृति विघटनको प्रतीक बन्न पुगेको छ । कथाको यो दृश्यले विदेशी कलात्मक प्रयोगको अन्धानुकरण गरेको देखिन्छ जहाँ पात्र, निर्देशक र अरू सबैले कुनै गहिरो दर्शन भएको ठान्छन् तर पात्र आफैँ यसमा असहज महसुस गरिरहन्छ । भाषा पनि संस्कृति भएकाले अङ्ग्रेजी शब्दको अनुकरणबाट पनि आयातित संस्कृतिलाई बढवा दिएको देखिन्छ । नग्नतालाई स्वतन्त्रतासँग जोड्नु, अङ्ग्रेजी भाषाको अत्यधिक प्रयोग, पश्चिमा सोचको विकृत दर्शनलाई ग्रहण तथा कलाकार र सामान्य व्यक्तित्वबीचको अन्तर नबुझ्ने खालको संस्कृतिको प्रयोग कथामा गरिएको छ । कथाले नेपाली युवाप्रति व्यङ्ग्य पनि गरेको छ ।

**परम्पराप्रति विद्रोह**

लाइट बाल्ने केटो कथामा सुमन पात्रलाई कविको रूपमा चित्रण गरिएको छ । ऊ विचारशील र विद्रोही छ । उसका कविता विद्रोही छन् । उसले कट्टरपपन्थी विचार र सामाजिक यथार्थको आलोचना गरेको छ । संवेदनशील तर क्रान्तिकारी युवाको छविमा उसले बनाएको छ । फिल्म र साहित्यमा पाइने संवेदनशील तर "रफ एन्ड टफ" पात्र जस्तै, सुमनको छविले कथावाचक युवतीलाई मोहित बनाउँछ । कथामा पनि युवावस्थामा हुने प्रणय सम्बन्ध, सञ्चारको गलत प्रयोग र युवतीप्रति हुने व्यवहारप्रति पनि उसले स्पष्ट दृष्टिकोण राखेको छ । उसले नेपाली समाज, संस्कृति, रोजगारी र

*ISSN: 2594-3154 (Print)*

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

राजनीतिक परिवर्तनको पक्षमा कुरा उठाएको छ । कथा पूरै युवापुस्ताको आकाङ्क्षा, विद्रोह र नैतिक द्वन्द्वमा केन्द्रित रहेको छ । कथाका पात्रहरू वैचारिक दृष्टिले स्वतन्त्रता चाहने खालका छन् । कथावाचक युवतीले आधुनिक नेपाली युवतीको प्रतिनिधित्व गरेकी छ । कलेज पढ्ने, स्वतन्त्रता खोज्ने, समाजको परम्परागत ढाँचासँग जुधिरहने पात्रको रूपमा ऊ देखिएकी छ । उनले आफूले चाहेको स्वतन्त्र प्रेमको सपना देखेकी छ । उसले सुमनजस्ता विद्रोही स्वभावका केटासँग भावनात्मक सम्बन्ध बढाएकी छ ।

*शुटिङ रिपोर्ट* कथामा परम्परागत सोच र मान्यताहरूको विरुद्धमा विद्रोह गरिएको छ । नग्नताको माध्यमबाट समाजप्रतिको विद्रोह गर्न सन्दर्भमा भौतिक नग्नतामात्र होइन, विचार, मान्यता, अहङ्कार र सामाजिक मुखौटाबाट पूर्णरूपमा मुक्त हुन खोजिएको नग्नताको चित्रण गरिएको छ । पात्रले आफूलाई एकैक गरी वस्त्रहरू फुकाल्दै जानु, त्यो प्रक्रिया एउटा आत्मिक र वैचारिक शुद्धीकरणको सङ्केतको रूपमा कथामा आएको छ । यसले समाजले परम्परागत रूपमा थोपरेका लाज, डर, संस्कार र नैतिकताको परम्परागत संरचना विरुद्ध उभिएको देखिन्छ । अर्को कुरा पात्र एक पेसेवर कलाकार मात्र होइन ऊ त एक नवजात पात्र बन्न निर्देशन दिइएको छ । यसले के देखाउँछ भने आर्ट भन्ने कुरा सीप मात्र होइन आँट पनि हो भन्दै कथा भन्नु एक प्रकारको आत्म-साक्षात्कार वा साहस पनि हो । सुटिङभित्र अर्को सुटिङ घुसाएर कथाकारले अधिआख्यानात्मक प्रविधिको प्रयोग गरेका छन् यो साहित्यको परम्परागत संरचनामाथिको विद्रोह हो । सुटिङ रिपोर्ट केवल कथाको रूपमा मात्र देखिएको छैन बरु एक दार्शनिक विचारको रूपमा देखिएको छ । जसले परम्परागत संस्कार, समाज, लाज, पहिचान र विचार सबैलाई पुनः पनर्विचार गर्न चुनौती दिँदै उसले भन्छः

> *तपाईं आफ्नो अन्तिम अन्डरवेयर फुकाल्न तयार हुनुहुन्छ ? अर्थात्, के तपाईं पुराना सोच, डर र मुखौटाबाट मुक्त हुन तयार हुनुहुन्छ ?*

अतः लाइट बाल्ने केटो र सुटिङ रिपोर्ट कथा आधुनिक नेपाली समाजमा युवाको मनोविज्ञान, चाहना र सङ्घर्षलाई जीवन्त रूपमा देखाउन सफल कथा हुन् । यसका साथै लोकप्रिय संस्कृतिको प्रभावमा प्रेम, लैङ्गिकता, सामाजिक आलोचना र व्यक्तित्व निर्माणका प्रक्रिया कसरी युवापुस्ताको जीवनमा घुलमिल भएका छन् भन्ने कुरा गहिराइपूर्वक देखाएका छन् । यस अर्थमा *लाइट बाल्ने केटो* र *शुटिङ रिपोर्ट* नेपाली साहित्यमा लोकप्रिय संस्कृति अङ्कित गर्न सफल कथा हुन् । लोकप्रिय संस्कृतिले समाजमा भाँड मच्चाउन सक्छ । यसले हाम्रा मौलिक संस्कृतिलाई बिरूप मात्र होइन ध्वस्त पार्न पनि सक्छ । यसबाट सचेतता अपनाउँदै हाम्रा रैथाने संस्कृतिलाई जोगाउन लोकप्रिय संस्कृतिलाई हाम्रो संस्कृतिसँग फ्युजन गराउनुपर्छ । जसरी बच्चाहरूलाई ओखती खुवाउन गुलियो बनाइन्छ । खासमा खुवाउन खोजेको चिनी होइन तर पनि औषधिमा चिनीको प्रयोग भए जस्तै वर्तमान लोकप्रिय संस्कृतिलाई हाम्रा मौलिक चिजलाई युवासम्म पुऱ्याउने रणनीतिका रूपमा अपनाउँदा उत्तम हुन्छ । यी दुवै कथाले लोकप्रिय संस्कृति प्रयोग भएका नेपाली कथाको दृष्टान्त प्रस्तुत गरेका छन् ।

**निष्कर्ष**

दुर्गा कार्की र कुमार नगरकोटी समसामयिक नेपाली साहित्यमा लोकप्रिय संस्कृतिको प्रयोग गर्ने सशक्त कथाकार हुन् । उनीहरूले लेखेका *लाइट बाल्ने केटो* र *शुटिङ रिपोर्ट* कथामा आधुनिक समाजको जीवनशैली, सञ्चारमाध्यमको प्रभाव, युवा मानसिकता र परम्पराविरोधी दृष्टिकोणलाई रोचक शैलीमा चित्रण गरिएको छ । लोकप्रिय संस्कृति अर्थात् धेरैले रुचाएको, सहज रूपमा बुझिने र मनोरञ्जनात्मक स्वरूप बोकेको साहित्यिक प्रवृत्तिको स्पष्ट झल्को यी कथाहरूमा देखिन्छ । कार्कीको *लाइट बाल्ने केटो* कथामा डकैतीजस्तो अपराधकर्मले पनि सकारात्मक प्रभाव पार्न सक्छ भन्ने विरोधाभाषी सन्देश छ । सामाजिक सञ्जाल, मोबाइल, भ्यालेन्टाइ डेजस्ता आधुनिक प्रविधि र अभ्यासको उल्लेखले कथा लोकप्रिय संस्कृतिमा आधारित रहेको प्रमाणित गर्छ । कथा युवाकेन्द्रित छ । प्रेम, यौन र सामाजिक अन्तरक्रियाका विषयलाई यस कथामा खुलस्त रूपमा प्रस्तुत गरिएको छ । अङ्ग्रेजी शब्दहरूको प्रशस्त प्रयोगले सहरी युवावर्गलाई लक्षित

*ISSN: 2594-3154 (Print)*

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

गरिएको छ । नगरकोटीको *शुटिङ रिपोर्ट* कथामा डान्स बार र फिल्म शुटिङको माध्यमबाट नेपाली समाजमा मौलाउँदै गएको ग्ल्यामर र नग्नताको सन्देशसहित सामाजिक मूल्यहरूमा प्रश्न उठाइएको छ । निर्देशकको निर्देशनविपरीत पात्रले अभिनय गर्दा समाजको ढोंङपूर्ण संरचनालाई उजागर गर्ने प्रयास गरिएको छ । कथामा दृश्य प्रविधि, चलचित्र भाषाको प्रयोग र मनोरञ्जनप्रधान परिवेशमार्फत् आधुनिक लोकप्रिय साहित्यको विशेषता प्रस्तुत गरिएको छ । यी दुई कथामा मनोरञ्जन, प्रविधिको प्रयोग, अङ्ग्रेजीकरण, परसंस्कृतीकरण र परम्पराविरोधजस्ता लोकप्रिय संस्कृति अन्तर्निहित छन् । साहित्यिक विश्लेषण र पाठपद्धतिमार्फत प्रस्तुत लेखले लोकप्रिय संस्कृतिको नेपाली आख्यानमा प्रभावकारी उपस्थिति देखाउँछ ।

**सन्दर्भसामग्री सूची**

कार्की, दुर्गा (ई २०२०), *कुमारी प्रश्नहरू*, काठमाडौँ ।

नगरकोटी, कुमार, (२०७६), *शुटिङ रिपोर्ट*, हिमाल मेडिया, Retrieved January 24, 2025, from https://www.himalkhabar.com/news/15376 [January 24, 2025].

पन्थ, योगेश (ई.२०१२), *प्रकाश कोविदका लोकप्रिय उपन्यासको समाजपरक अध्ययन*, विद्यावारिधि शोधप्रबन्ध, उत्तरबङ्गाल विश्वविद्यालय ।

विष्ट, मोहन, (२०८१), *समर लभ उपन्यासमा लोकप्रिय संस्कृति*, दर्शनाचार्य आवधिक पत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय।

Barker, C (2002), *Making sense of Cultural Studies: Cultural problems and critical debates*. Sage Publications Ltd.

Barker, C (2003), *Culture Studies: Theory and Practice*, (2nd ed.), Sage Publications Ltd. Leo, Lawenthal (1887), *Critical inquiry-Autumn*.

Gramsci, A. (1935). *Cultural writings* (D. Forgacs & G. Nowell-Smith, Eds.; W. Boelhower, Trans.). Columbia University Press.

Storey, j (2012), *Culture theory and popular culture*: An introduction. (5th ed.). Pearson. Longman.